# 'आर्थिक वर्ष २०७६/०७७ को
# नीति तथा कार्यक्रम

## स्वीकृत मितिः २०७६/०३/१०

मिक्लाजुङ कार्यपालिका
रवि, पाँचथर
प्रदेश नं. १, नेपाल

**सभा अध्यक्ष महोदय,**

**प्रमुख अतिथि ज्यू, सम्पुर्ण अतिथिगण ,सभा सदस्यज्युहरु, सञ्चारकर्मी मित्रहरु र सम्पूर्ण कमर्चारीहरु ।**

संघीय लोकतन्त्रिक गणतन्त्रात्मक नेपालको संवैधानिक व्यवस्था बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७ को २ को 'ग' मा उल्लेख भएअनुसार बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतले आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति , बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु। यस अवसरमा नेपालको लोकतान्त्रिक संघीयता स्थापना,राजनीतिक विकास र सामाजिक रुपान्तरणको क्रममा जनताले गर्दै आएको बिभिन्न संघर्षमा आफ्नो अमूल्य जीवन वलिदान गर्नुहुने सम्पूर्ण महान शहिदहरु, वेपत्ता तथा घाइते योद्धाहरु, द्वन्दपीडितहरु  र वहाँहरुको परिवारजन लागायत आम जनसमुदायमा हार्दिक सम्मान प्रकट गर्दछु । संघीयता र स्थानीय सरकार मार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरागर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ। यो हाम्रो लागि अवसर र चुनौती दुबै हो भन्ने ठानेको छु। अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई जनतालाई अधिकारसम्पन्न तथा वास्तविक अर्थमा सार्वभौम बनाउने प्रयास गरिएको छ,जुन स्वागत गर्न योग्य छ ।

आगामी दिनहरुमा मिक्लाजुङ गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकासका गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिबी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ । यसका लागि सार्वजानिक, नीजि र सहकारी क्षेत्रको साझेदारीमा जोड दिइनेछ। साथै विकास साझेदारका रुपमा रहेका संघसंस्थाहरुलाई समेत प्रभावकारी ढंगले परिचालन गरिनेछ ।

अव म स्थानीय सरकारको यथार्थ आर्थिक स्थितिको संक्षिप्त जानकारी गराउँछु ।

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान , विशेष अनुदान र स्थानीय राजस्वलाई परिचालन गरी मिक्लाजुङ गाउँपालिकाको कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**मिक्लाजुङ गाउँपालिकाको संक्षिप्त परिचय,**

वर्तमान अवस्थामा हाम्रो देश नेपाल एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ। संघीय व्यवस्था अनुसार नेपालमा संघ, प्रदेश र स्थानीय तह गरि तीन खण्डमा गठन भएको छ, । ७७ वटा जिल्ला मध्येमा प्रदेश नं.१ मा पाँचथर जिल्ला पर्दछ। पाँचथर  जिल्लामा सात वटा गाउँपालिका र एक नगरपालिका समेतको जम्मा ८ वटा संरचना सहितको स्थानीय तह गठन भएको छ। त्यसमा मिक्लाजुङ गाउँपालिका पनि पाँचथरको एक गाउँपालिकामा पर्दछ । वि.सं. २०७३/११/२७ गते राजपत्रमा सुचना प्रकाशित भएसँगै र पछिल्ला सचिवस्तरीय निर्णयसँगै देशमा ७५३ वटा स्थानीय तह भएसँगै यो गाउँपालिका पनि अस्तित्वमा आएको छ । पाँचथर जिल्लाको दक्षिणमा अवस्थित यो गाउँपालिकाको क्षेत्रफल १६६.६१ वर्ग कि.मी. मा फैलिएको छ । साविकका साराङडाँडा, रवि, आरुवोटे, कुरुम्बा, लिम्बा र दुर्दिम्बा गा.वि.स.लाई समावेश गरि यो गाउँपालिका निर्माण गरिएको छ। स्थानीयवासीहरुलाई सर्वसुलभ ढंगले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाई जम्मा ८ वटा वडामा विभाजन गरिएको छ। यो गाउँपालिकाको जम्मा जनसंख्या २४,५४५ रहेको छ।। यस गाउँपालिकाको पूर्वमा इलामको फाकफोकथुम गाउँपालिका र पश्चिममा तुम्बेवा, उत्तरमा फाल्गुनन्द र दक्षिणमा चौबिसे गाउँपालिका र माङसेबुङ गाउँपालिका रहेका छन् ।

**अध्यक्ष महोदय, अतिथिगण लगायत सभासदस्य ज्यूहरु**

"समृद्ध नेपाल सुखि नेपाली" भन्ने वर्तमान सरकारको मुख्य नारालाई सार्थक बनाउन मुख्यत नीति तथा कार्यक्रम राम्रो बन्नु पर्छ भन्ने बारेमा दुईमत नहोला । त्यसैले नीति भित्र क्षेत्रगत कार्यक्रमहरु रहने भएकाले सवैको सहभागितात्मक

छलफलबाट पास गर्न आवश्यक हुनेहनाले अब म गाउँपालिकाको नीति तथा क्षेत्रगत कार्यक्रम तर्फ सबैको ध्यान आकर्षण गराउन चाहन्छु ।

## क. आर्थिक विकासमा

### *कृषि*

- मिक्लाजुङ गाउँपालिकामा कृषि व्यवसायीकरणलाई प्राथमिकतामा राखी कार्य गर्ने ।
- दिगो आय आर्जन तथा रोजगारी सृजना गर्न नमुना कृषि केन्द्रको स्थापना गर्न प्रदेश सरकार र संघीय सरकार संग सहकार्य गर्न जग्गा खरिद गर्न विशेष वजेटको व्यवस्थापन गर्ने ।
- खाद्य सुरक्षाका साथै अर्गानिक उत्पादनका लागि कृषि प्राविधिकको सहजिकरणलाई सहज बनाउने ।
- दीर्घकालीन विषादीमुक्त कृषि उत्पादन वृद्धि गर्ने र प्रांगारिक किटनाशक विषादी उत्पादन गर्नेतर्फ किसानहरुको बीचमा विशेष अभियानका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- फलफुल तथा नगदेवालीलाई प्राथमिकता दिइ आत्मनिर्भर बनाउन उन्नत एवं प्रशोधित बीउ तथा वोटविरुवा वितरण गर्ने ।
- कृषि वाली विविधिकरण र यान्त्रिकीकरणद्वारा कृषि विकासका कार्यक्रम संचालन बढाउने ।
- कृषि उपज संकलन तथा चिस्यान केन्द्र व्यवस्थाप र बाहिरी बजारसंग पहुँच बढाउने ।
- कृषि उपजलाई व्यावसायिक बनाउन कानुनी तथा अन्य आवश्यक प्रवन्धहरु मिलाइ विभिन्न तालिमहरु गराइनेछ ।
- सुन्तला, जुनार, आँप, लिचि ,एभोकाडो ,मेकाडोनिया, कागति, निवु, अंगुर ,ग्राउण्ड एप्पल जस्ता कृषि तथा पशु विकास आयोजना वृद्धिका लागि कृषकहरुका लागि अवलोकन भ्रमणको व्यवस्था गर्ने ।
- किवी खेती विकास र वजारीकरणका लागि आवश्यक प्रवन्ध मिलाउने ।
- बेमौसमी तरकारी खेती बिस्तार कार्यक्रमका लागि प्लाष्टिक टनेलमा छुट अनुदान गर्ने ।
- पालिकाक्षेत्रभित्र शीत भण्डारण, चिस्यान केन्द्र, कार्यक्रम सञ्चालन गर्ने ।
- कृषि उत्पादनको उचित भण्डारण गर्नका लागि पालिका सरकारले सहकारी संघ संस्थाहरुलाई प्रोत्साहित गर्नेछ ।
- उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिनेछ ।
- वाली विमा कार्यक्रम तर्फ उन्मुख गराउने ।
- उत्पादित वस्तु निर्यात योग्य वनाउन उत्पादनमा कृषक उत्साहित कार्यक्रम गर्ने ।
- जडिवुटि हुने खेती पहिचान गरि प्रशोधन केन्द्र स्थापना गर्ने ।
- अलैंचीको स्वस्थ्य वेर्ना उत्पादन गर्न प्रोत्साहन कार्यक्रम गरिने साथै अलैंचीमा देखिने रोग पहिचान गरी निराकरणका लागि आवश्यक कार्यक्रमहरु गर्ने ।
- युवा सामुहिक कृषि खेतीलाई विशेष अनुदान कार्यक्रमको व्यवस्था गर्ने ।
- यि माथिका कार्यक्रमहरु सफल पार्न आवश्यक भएको ठाउँमा क्रमस सिँचाइको प्रवन्ध मिलाउदै लाने ।

### *पशु*

- पशुजन्य उत्पादन वृद्धिका लागि विशेष कार्यक्रम संचालन गरि पशु नश्ल सुधार कार्यक्रम प्रभावकारी गराउने ।
- व्यवसायिक वंगुर, बाख्रा, गाई, भैंसी र कुखुरा पालन कार्यक्रम सँचालनमा सहयोग गर्ने ।

- पशु विकास तथा व्यवस्थापनमा वृद्धि गर्न दुग्ध प्रशोधन तथा पशु फार्म प्रबर्द्धनमा निश्चित प्रतिशत छुटमा औजार अनुदान कार्यक्रम गर्ने ।
- पशु आहारा व्यवस्थापन तथा दाना बनाउन सीप साथै क्षमता अभिवृद्धि तालिम संचालन कार्यक्रम गर्ने ।
- पशुमा लाग्ने मौसमी रोग निवारण तथा निशुल्क औषधी र भ्याक्सिनेसन कार्यक्रम गर्ने ।
- माछा, मासु, दुध र दुधजन्य पदार्थमा आत्मनिर्भर तुल्याई निर्यातयोग्य वस्तुको रुपमा विकास गर्न पशुपालनको क्षेत्रमा सम्भाव्यता अध्ययन गरी उल्लेखित क्षेत्रमा उत्पादन तथा उत्पादकत्व, रोजगारी र राजस्वमा पुग्ने योगदानको आधारमा निजी क्षेत्र,कृषक समुह र सहकारी संघ संस्थालाई प्रोत्साहन गर्ने ।
- भू-वनावट र हावापानी अनुसार वंगुरपालन तथा पाठापाठी उत्पादनलाई प्रोत्साहन गर्न कृषक अनुदान सहयोग कार्यक्रम गर्ने ।
- आर्थिक आय आर्जनका लागि छिटो र सुलभ तरिकाबाट अण्डा उत्पादन गर्न कुखुरापालक किसानलाई विशेष अनुदानको व्यवस्था गर्ने ।
- स्वस्थ र सुरक्षित मासु उपभोग गर्नका लागि पालिकाभित्रका प्रमुख स्थानहरुमा पशु बधशाला स्थापना गर्न अनुदानमा सहभागितामुलक सहयोग गर्ने । साथै स्वस्थ मासु विक्री वितरण गर्ने मासु पसल सञ्चालन गर्नका लागि मापदण्डको आधारमा अनुदान उपलब्ध गाराइ नियमित अनुगमन तथा मूल्याकंन गर्ने ।

## *(ख) सामाजिक विकास तर्फ*

### *शिक्षा तर्फ*

- सुरक्षित शिक्षा व्यवस्थापनका लागि सबै विद्यायलमा क्रमश घेरावारा कार्यक्रमको लागि निश्चित वजेट विनियोजन गर्ने ।
- शिक्षा क्षेत्रलाई व्यवस्थित तथा थप गुणस्तरीय बनाउनको लागि स्थानीय तहको शिक्षा सम्बन्धि कानुन जस्तै शिक्षा ऐन, नियमावली, निति, नियम बनाई नियमनलाई व्यवस्थित वनाउने ।
- दुई वर्षभित्रका विद्यालय जाने उमेरका सवै बालवालिकाको विद्यालयमा भर्ना सुनिश्चित गर्ने गराउने ।
- शिक्षा क्षेत्रको भौतिक पूर्वाधार निर्माण अर्न्तगत आवश्यकताका आधारमा स्थानीय तह , प्रदेश र संघसँग सहकार्य गरि निर्माण योजना अघि वढाउने ।
- जीवनोउपयोगी सिपमूलक शिक्षा र प्रविधियुक्त शिक्षामा जोड दिइ दक्ष जनशक्तिको विकासमा जोड दिने ।
- शैक्षिक क्षेत्रलाई राजनैतिक हस्तक्षेप मुक्त सार्थै शान्ति क्षेत्र वनाइनेछ । विद्यायल शिक्षाको विषयगत गुणस्तरको मापदण्ड तयार गरि त्यसका आधारमा शिक्षकहरुलाई प्रोत्साहन र दण्डको व्यवस्था गर्ने ।
- समग्र शैक्षिक उपलब्धिका सूचकहरुको आधारमा पालिका भित्रका विद्यालयहरुलाई उत्कृष्ट विद्यालय पुरस्कारको व्यवस्था गर्दै लाने ।
- प्राविधिक शिक्षालय स्थापना गर्नेतर्फ सम्भाव्यता अध्ययन गरि आगामी आर्थिक वर्षदेखि आवश्यक पूर्वाधार सहित प्राविधिक शिक्षालय सञ्चालन गर्न सक्ने शैक्षिक संस्थाहसपरुिलाई विशेष अनुदान व्यवस्था गर्ने ।
- गुम्बा, मदरसा, गुरुकुल, मुन्धुमशाला लगायत शिक्षालाई आधुनिक शिक्षा, मातृभाषा पठनपाठन गराउने विद्यालयहरुलाई मापदण्डका आधारमा अनुदान उपलब्ध गाराउने व्यवस्था मिलाउदै लगिनेछ ।
- यस पेरिफेरीका विद्यार्थीहरु अत्याधिक मात्रामा शिक्षा संकाय तर्फ अध्ययनरत रहेकोले शिक्षा आयोग तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।

- सम्भव भए सम्म विद्यालय भवनको रङ रोगन एकै रङको लगाउने साथै घेरावारा समेत एकै खालको निर्माण गर्ने ।
- वालविकास केन्द्रहरुको प्रवर्द्धनका लागि वाल सन्दर्भ शैक्षिक सामाग्री तथा कार्यालय व्यवस्थापन गरिनेछ ।
- सामूदायिक सिकाइ केन्द्रको ब्यवस्थापन गर्ने ।
- प्रत्येक विद्यालयमा पुस्तकालयको प्रवन्ध मिलाउने ।
  विद्यालयहरुमा ईन्टरनेटको पहुँच बढाई ईन्टरनेटको माध्ययमबाट पठनपाठनको व्यवस्था गरी विद्यार्थीहरुलाई आकर्षण गर्नको लागि शिक्षा नीति बनाई लागु गरिनेछ ।
- विद्यालयमा मा.वि स्तरिय प्राविधिक प्रतियोगिता संचालन गरि उत्कृष्ट हुनेलाई छात्र छात्रालाई एक बर्षको छात्रवृत्ती प्रदान गरिनेछ । साथै प्रतियोगितामा सहभागीहरुलाई दक्ष प्राविधिकहरुका तर्फबाट तालिमको व्यवस्था गरिनेछ ।
- विज्ञान प्रदशनि गर्नको लागि गाउँपालिका स्तरमा कुनै एक विद्यालयको छनौट गरि आर्थिक, भौतिक तथा व्यवस्थापकीय सहयोग गाउँपालिकाद्धारा गरिनेछ ।
- आगामी ४ वर्ष भित्रमा पालिकालाई वालमैत्री स्थानीय शासन गाँउपालिका घोषणा गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- आगामी ४ वर्ष भित्रमा पालिकामा रहेका सम्पूर्ण विद्यालयहरुमा सेनेटरी डिस्पोज निर्माण गरिनेछ ।
- आधारभुत शिक्षा पूर्णरुपमा निशूल्क र अनिवार्य गर्नको लागि अभिभावक सचेतना कार्यक्रम सहयोग गर्ने ।
- गरीव, अपाङ्ग,सामाजिक रुपले पछिपारिएका समुदाय,र भाष्कि र जातीय अल्मसंख्यकहरुका वबालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि छात्रवृत्ति, कार्यक्रमहरु संगचालन गर्ने ।

## *स्वास्थ्य तर्फ*

- चिकित्सक र जनता विचको अपलब्धता अनुपातमा सुधार गरिनेछ । अत्यावश्यक औषधिको निरन्तर उपलव्धता गर्ने व्यवास्था मिलाइनेछ ।नेपालको संविधानले प्रत्याभूति गरे वमोजिम स्वास्थ्य सेवामा सहज, सुलभ र समान पहुँचको सुनिश्चितता प्रदान गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र एक अस्पतालको निर्माण गर्न आवश्यक जग्गाको व्यवस्था मिलाई सरोकार वाला निकाय सँग सहकार्य गरि सुरुवात गरिनेछ । स्वास्थ्य संस्थाहरुमा खोपलाई सुरक्षित बनाई राख्नको लागि रेफ्रिजेरेटरको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाबाट निस्कने फोहारहरु मानव स्वास्थ्यका लागि ज्यादै हानीकारक हुने हुनाले समयमै उचित व्यवस्थापनको लागि गाउँपालिका भित्र रहेको स्वास्थ्य संस्थाहरुमा एक/एक ओटा इन्सीरेटर उपलब्ध गराउनका लागि सरकारी तथा अन्य संस्थाहरु संग पहल गरिनेछ ।
- पालिका भित्रको प्राथमिक स्वास्थ्य केन्द्रमा भिडियो एक्सरे द्धारा स्वास्थ्यजाँचको सेवा प्रदान गर्ने व्यवस्था गरिने छ ।
- गाउँपालिका अन्तर्गतका वडाहरुमा सेवारत् महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलब्ध गराउँदै आएको यातायात तथा खाजा खर्च वापतको रकम यथावत गरिनेछ ।
- सुर्तिजन्य पदार्थ विक्रि ,मदिरा उत्पादन साथै विक्रि वितरणलाई प्रभावकारी रुपमा नियमन गरिदै लगिनेछ ।
- स्वास्थ्यसेवाको समस्या भएका वडाहरुमा स्वास्थ्यसेवा सर्वसुलभ स्थापनाको लागि स्वास्थ्यचौकीको स्थापना गरिने छ ।
- जोखिम न्यूनिकरणका लागि पूर्व तयारी अर्न्तगत आवश्यक औषधि खरिदका लागि स्वास्थ्य केन्द्रहरुमा कोष खडा गर्न पहल गरिनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थामा (Birthing Center) को स्थापना गर्दै लौजाने ।
- प्रत्येक स्वास्थ्य संस्थामा ल्यावको लागि आवश्यक पहल गर्ने ।

- स्वास्थ्य संस्था बाट सृजित फोहोर व्यवस्थापन गर्न आवश्यक पहल गर्ने साथै बजेटको व्यवस्था गरिनेछ सो को लागि बढी जिम्मेवारी सम्बन्धित संस्थालाई नै दिईनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र रविमा एक्सरे मेशिन आइसकेकोले उक्त मेशिन राख्न भवनक निर्माणको लागि वडा नं. ४ ले एक्सरे मेशिन खरिदका लागि पहल गरिनेछ ।
- वहु क्षेत्रिय पोषण कार्यक्रमलाई वजेटको व्यवस्था गरि समयानुसार सुदृढ गरी  निरन्तरता दिइनेछ । साथै, साझेदार निकायहरुसँग सहकार्य गरी यसमा दिगोपनाका लागि आवश्यक पहल गरिनेछ ।

## खानेपानी तथा सरसफाइ तर्फ

- खानेपानी समस्या रहेको ठाउँमा उल्लेखित शीर्षकमा आएको बजेटको कार्यान्वयनको लागि प्रभावित क्षेत्रको पहिचान गरी बजेट विनियोजन गरिनेछ ।
- आर्थिक वर्ष २०७६/०७७ को वडाबाट सिफरिस भई आएका खानेपानी सम्बन्धि योजनाहरुलाई प्राथमिकता क्रम निर्धारण गरी बजेट तथा पाइप विनियोजन गरिने छ ।
- खानेपानी पाइपको माग भई आएको ठाउँमा तथा अन्य संवेदनशील ठाउँको निरीक्षण गरी वडा समिति र खानेपानी तथा सरसफाई समितिको सिफारिसमा प्रभावित क्षेत्रमा तुरुन्त पाइप वितरण तथा साना ट्याकीहरुको निर्माण गरि अल्पकालिन खानेपानीको समस्या समाधान गर्न बजेट विनियोजन गरिनेछ ।
- खानेपानी सेवालाई थप बजेट विनियोजन गरी दिगो र स्वच्छ खानेपानीको सुविधाको सुनिश्चितता गरिनेछ, साथै सो स्थानहरुमा अन्य विकल्पको समेत अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- खानेपानी मुहानहरुमा आवश्यकता अनुसार फिल्टरको निर्माण गर्न वजेटको व्यवस्था गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्रमाखानेपानी मुहान संरक्षण तथा सरसफाईका लागि आवश्यक जनशक्तिको व्यवस्था साथै वृक्षारोपण गरिनेछ ।
- वोरिङ र सौर्य लिफ्टीङ प्रविधिवाट खानेपानीको व्यवस्था गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ
- गाँउपालिकालाई पूर्ण सरसफाइयुक्त घोषण गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- खानेपानी सुरक्षा योजना कार्यक्रम सञ्चालन गरिनेछ ।

## खेलकुद तथा मनोरञ्जन तर्फ

- विद्यालय स्थरीय खेलकुद विकास तथा अतिरिक्त कृयाकलाप गर्नका लागि विद्यायल स्तरीय खेलकुदमा वजेट विनियोजन गरिनेछ ।
- मिक्लाजुङ गाँउपालिकामा खेलकुद संचालन गर्न वजेटको व्यवस्था गर्नेमिक्लाजुङ गाँउपालिका भित्र रहेका खेल मैदानको स्तरीकरण गर्ने र स्तरीकरणको लागि विभिन्न संघ संस्थासंग सहकार्य गरिनेछ ।
- मिक्लाजुङ गाँउपालिकामा रहेका बिभिन्न क्लब, संघ संस्थाहरुबाट आफुअनुकुल खेल संचालन गर्दै आएको हुँदा अब उप्रान्त मिक्लाजुङ का खेलकुद बिकास समितिको निर्णय र वार्षिक क्यालेण्डर अनुसार खेल संचालन गर्ने र खेलकुदहरु आफु खुशी संचालन गरेमा गाउँपालिकाबाट कुनै पनि आर्थिक तथा भौतिक सहयोग गरिने छैन ।

## लैगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ

**महिला**

- ‘‘स्वास्थ आमा स्वास्थ शिशु’’ भन्ने मुख्य नारा तयार गरि सार्थक बनाउन गर्भवती महिलालाई पोषण भत्ता वितरण योजना सम्बन्धी वजेट विनियोजन गरि गर्भावस्थामा एक पटक वितरण गरिनेछ ।
- तोकिएको समय अर्थात ४ पटक गर्भ जाँच गरे वापत यातायात खर्च स्वरुप रु. २००।– वितरण गरिनेछ ।
- गर्भ जाँच साथै स्वास्थ्य संस्थामा सुत्केरी गर्न गराउन स्वास्थ्य शाखा/स्वास्थ्य संस्था संग समन्वय गरि उत्प्रेरीत गराउने ।

- महिला शसक्तिकरण का लागि महिला सञ्जालहरु गठन गरि सकृय बनाउन कार्यक्रमहरुको आयोजना गर्न वजेटको व्यावस्था गरिनेछ ।
- समाजमा विद्यमान कुरीतिको रुपमा रहेको अन्धविश्वास र सामाजिक सद्भावमा विचलन ल्याउने सवै प्रकारका व्यवहारहरुलाई निरुत्साहित गरिनेछ । सामाजिक छुवाछुत र भेदभावलाई पूर्ण रुपमा निर्मूल गरिने छ ।
- महिला विरुद्धका सवै किसिमका हिंसा र विभेदलाई अन्त्य गर्न का लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- लक्षित वर्गको लागि विनियोजित बजेट सोही क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- लैङ्गिक समानता र समताका लागि जनचेतना अभिवृद्धि गर्ने खाल्का कार्यक्रमहरु संचालन गरि कार्यान्वयन गरिनेछ ।

## वालवालिका

- लक्षित वर्गको लागि विनियोजित बजेट सोही क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- वाल क्लव तथा वाल सञ्जालहरु गठन गरि आवश्यक व्यवस्थापन गरिनेछ ।
- बाल अधिकार सम्बन्धी कानूनी साक्षरता तालिमको व्यवस्था गरिने छ ।
- आवश्यकता अनुसार विद्यालय टाढा भएको ठाउँमा वालविकास केन्द्रको स्थापना गरिनेछ ।
- वालविकास केन्द्रहरुमा रेडिमेड खाना न्यूनीकरण गर्न गराउन चुलोको सामग्री वितरण कार्यक्रमको लागि वजेट कक्षा कोठा साथै अन्य सामग्रीको ब्यवस्था गरि कार्यान्वयन गर्ने ।
- मिक्लाजुङ गाउँपालिकामा बाल उद्यान` लागि विभिन्न संस्थाहरु संग सहकार्य गरिनेछ ।

## सामाजिक समावेशीकरण

- सवै जातजातिहरुको सँस्कृति संरक्षण गरिने छ ।
- लक्षित वर्गको लागि विनियोजित बजेट सोही क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- राज्यले अगिंकार गरेका समावेशीताका सिद्धान्तहरुलाई स्थानीय सरकारमा पनि लागु गरिनेछ ।
- कसैलाई बञ्चितिकरण वा बहिष्करणको आभास आउन दिईने छैन ।
- लिङ्ग, भाषा, धर्म, जात, क्षेत्र वा कुनै पनि विषयको आधारमा भेदभाव वा असमानता हुन दिईने छैन ।

## अपाङ्ग

- लक्षित वर्गको लागि विनियोजित बजेट सोही क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- राज्यले अगिंकार गरेका समावेशीताका सिद्धान्तहरुलाई स्थानीय सरकारमा पनि लागु गरिनेछ ।
- अपाङ्ग परिचय पत्र वितरण व्यवस्था मिलाइ कार्यान्वय गर्ने ।
- अपाङ्ग समन्वय समिति गठन गरि उचित व्यवस्था गर्ने ।
- सवल अपाङ्गहरुका लागि सामाजिक विकास तथा स्वआय आर्जनका लागि तालिमको व्यवस्था गर्ने ।
- परिचय पत्र वितरणलाई सहज बनाउन वडा स्तरमा घुम्ति शिविर सञ्चालन गर्ने ।
- क्षमता अभिबृद्धिका लागि कानुनी साक्षरता तालिमको लागि वजेट विनियाजन गर्ने ।
-

## ज्येष्ठ नागरिक

- लक्षित वर्गको लागि विनियोजित बजेट सोही क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- ज्येष्ट नागरिकहरुका लागि विश्राम चौतारी स्थापना गर्ने ।
- ज्येष्ट नागरिक सम्मान कार्यक्रमको व्यवस्था मिलाउने ।
- ज्येष्ट नागरिक परिचय पत्र वितरण सम्त्रन्धि व्यवस्था मिलाउने ।

- सम्मान जनक जिउन पाउने र संरक्षकले उचित हेरचाहर गर्न गराउन ज्येष्ट नागरिक र नव पुस्ता विच छलफल कार्यक्रम निरन्तर अघि वढाउने ।

## युवा

- युवा लक्षित कार्यक्रमहरुको व्यवस्था तथा वजेट विनियोजन गर्ने ।
- युवा स्वरोजगारको अवधारणा अनुसार वजेट विनियोजन गरि विदेश पलायनलाई निरुत्साहित गराउने ।
- कुलतबाट जोगाउन सचेतनामूलक क्रियाकलापहरु गरि युवाहरुलाई सचेतीकरणमा आबद्ध गराउने ।
- विकास निर्माण तथा योजना निर्माणमा क्षमता अनुसारको काम दिएर निर्मित संरचनामा अपनत्व सृजना गर्ने गराउने ।
- शिप , क्षमता वृद्धि गराउन युवा लक्षित तालिमको आयोजना गरि सहभागि गराउने ।

## *उद्योग तथा वाणिज्यतर्फ*

- घरेलु तथा साना उद्योग विस्तार योजनामा जोड गरिनेछ। स्थानीय सीप , श्रोत र साधनलाई प्रयोग गरी खाडी, अल्लो, ढाका जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई सिप विकाशका लागि तालिमको व्यवस्था मिलाउदै व्यवसायीकरण गरिनेछ ।
- मिक्लाजुङको प्रचुर मात्रामा रहेको सम्भाव्यता उत्पादनलाई व्यावसायिकरण गर्न आगामी आर्थिक वर्षबाट औद्योगिक ग्रामहरु स्थापनाको कार्य प्रारम्भ गरिनेछ ।
- उद्यमशिलता  विकास, पूँजी पहिचान र आविष्कारलाई व्यवसायिक रुप लिन निजी क्षेत्रसँग सहकार्य गरी नव प्रवर्तन केन्द्र स्थापना गरिनेछ ।
- औद्योगिक लागानीलाई प्रोत्साहन गरिने साथै लगानी सुरक्षाको व्यवस्था मिलाउदै लगिने छ । श्रमिक आपूर्तिको लागि प्रोत्साहन गरि औद्योगिकीकरण गरिनेछ । सरकारी तथा गैरसरकारी निकायहरुबाट प्रदान गरिने सेवाहरुलाई एकिकृत नीतिबाट सेवा उपलब्ध गराईनेछ ।
- उपभोग्य सामग्रीको आपर्तिमा सहयोग पुऱ्याउने ।
- वजार अनुगमन तथा नियमनमा प्रभावकारी भूमिका निर्वाह गर्ने ।

## *पर्यटनतर्फ*

- 'मिक्लाजुङ गाउँपालिकाको शान, सवै पर्यटन स्थालको पहिचान' भन्ने नाराका साथ दिगो आर्थिक विकासको संवाहकको रुपमा पर्यटन क्षेत्रलाई प्राथमिकताका साथ विकास गरिनेछ । पर्यटन क्षेत्रमा आउदो ४ वर्ष भित्रमा १००-२०० जनासम्मलाई रोजगारी सृजना गर्ने लक्ष्यका साथ पर्यटन पूर्वाधारको विकास तथा विस्तारका लागि वजेट विनियोजन गर्नका लागि वडा स्तरबाटै योजना प्राथमिकिकरण गरिनेछ ।
- पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- मुख्य पर्यटन  स्थल पहिचान गर्ने साथै धातुको मूर्ति स्थापना गरेर पर्यटकहरुलाई आकर्षण  गरि आर्थिक उपार्जन तर्फ उन्मुख हुने ।
- मुख्य पर्यटन स्थल सम्म पुग्ने सडक मर्मत तथा पदमार्ग निर्माण गरि व्यवस्थित गरिने छ । पर्यटन स्थलहरुमा खानेपानीको व्यवस्थापन तथा पाइप अनुदान कार्यक्रम गरिने छ ।
- मिक्लाजुङ गाउँपालिकाको केन्द्र रविको जरिवुट्टे ,वेहुली ढुंगा देवस्थलमा यो आर्थिक वर्ष भित्रमा पार्क तथा पुर्ण बुद्धको मूर्ति स्थापना गरिनेछ ।
- आगामी ४ वर्षभित्रमा यस मिक्लाजुङ गाउँालिकाका मुख्य पुरातात्वीक धार्मिक स्थल,पर्यटन क्षेत्रहरु मिक्लाजुङ तिर्थस्थल, जरिवुटे वेहुली ढुंगा , मोजुला भोजुला ताल, छत्रे ताल, यावाराङ झरना , हंसारी झरना, चमेरे गुफा, सेरेखेम्बा झरना, पँधेरे झरना,शिवनाम्लाङ (छालासुकुवा), फुङसिङ डाँडा मन्दिर, स्वर्गपुरी मन्दिर, किरातेश्वर मन्दिर, शिवालय मन्दिर , विष्णुलय मन्दिर , गुम्बा, चर्च, स्वर्गिक माङहिम ,स्वर्गिक माङखिमतीनथुम्की बेदशाला,

उत्तरे कमलपोखरी, ज्योतीनन्द गुफास्थल(शिवसिद्ध ज्योति मन्दिर), ओधाने देवस्थल, महागुरु फाल्गुनन्द शालिक स्थल, नाँगीडाँडा, थोपेचोम्बा तीनथुम्की, इन्द्रेणी झरना, सिस्ने गुफा, तारेढुङ्गा पर्यटक क्षेत्र, सप्तकन्या ताल, सप्तमी हिवारी हिलेडाँडा, जोरपोखरी, धुँवा राजा रानी, रविकर्ण सालिक, थोप्लेजुङ पर्यटन क्षेत्र, झाँक्री झरना, आरुवोटेको सुकेपोखरी, सिद्धदेवी शक्तिपीठ, रमिते डाँडा महादेव गुफा, जोसमुनी मन्दिरआदिलाई व्यवस्थित गर्न सरोकारवालाहरु संग छलफल गरि अघि बढाइनेछ ।

- मिक्लाजुङ गाउँपालिकाको सम्वृद्धिको आधारको रुपमा रहेको पर्यटन क्षेत्रलाई विकासको आधारशिला बनाउन आवश्यक रणनीतिहरु तयार गर्न पर्यटनसंग सम्बन्धीत विज्ञहरुको सल्लाह र सुझाव लिई पर्यटकीय क्षेत्रहरु विविधीकरण गर्न आवश्यक पर्यटकीय गुरु योजना तयार गरिनेछ ।
- गाउँपालिकामा रहेका ठूला होटलहरुको सूची बनाई त्यस्ता होटलहरुमा आउने पर्यटकहरुले गरेको खर्चमा २ प्रतिशत पर्यटन विकास शुल्क लगाई त्यसबाट उठेको रकममा शत् प्रतिशत थप गरी पर्यटन क्षेत्रमा लगानी गरिनेछ ।
- मिक्लाजुङलाई लघु पर्यटनको रुपमा विकास गर्नका लागि दमक-रवि, लेटाङ-रवि, धरान-भेडेटार-राजारानी- छ नम्बर वुधवारे हुँदै रवि, रवि-राँकेमा नियमित पर्यटकिय वस सञ्चालन गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकामा होम स्टे लाई प्रवर्द्धन तथा व्यवस्थित गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ साथै तालिमको व्यवस्था समेत गरिनेछ ।
- बाह्य तथा आन्तरिक पर्यटक भित्र्याउनको लागि जानकारी तथा प्रचार प्रसार स्वरुप राष्टिय स्तरको संचार माध्यमहरुको सहकार्यमा गाउँपालिकाको पर्यटकीय, धार्मिक, सामाजिक, सास्कृतिक तथा मौलिक परम्परा झल्कने श्रब्य-दृष्य पार्श्वचित्र बनाई सो को प्रचार प्रसारमा थप बजेटको व्यवस्था गरिनेछ ।
- मिक्लाजुङ गाउँपालिकाको दृष्यावलोकन गर्नेगरि उपयुक्त स्थानमा भ्यू टावरको लागि आवश्यक अध्ययन गरि निर्माण गरिनेछ ।
- पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ । यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिमको व्यवस्था गर्ने छ ।

## ग) पूर्वाधार विकासमा

### *सडक, पुल तथा झोलुङ्गे पुल*

- गाउँपालिका क्षेत्रको यातायात गूरुयोजना तयार पारी गूरुयोजना अनुसार परेका सडकहरुलाई बजेट विनियोजनाको लागि विशेष प्राथमिकता दिइनेछ ।त्यसका साथसाथैमर्मत गर्नुपर्ने सडकहरु लाई मर्मत संभार गर्नको लागि उच्च प्राथमिकता दिईनेछ ।
- मिक्लाजुङ गाउँपालिकाको मेरुदण्डको रुपमा रहेको कृषि सडक स्तरोन्नतिलाई पुन निरन्तरता दिइदै लागिनेछ ।
- गाउँपालिका क्षेत्रको सम्भावित र उपयुक्त पर्यटकीय क्षेत्रहरुको पहिचान सहित पर्यटन पुर्वधार विकासमा विशेष जोड दिइनेछ ।
- सडक निर्माण सम्बन्धमा गाउँपालिका क्षेत्र भित्र निर्माण गरिने सडकको चौडाई सडकको स्तर अनुसारको मापदण्ड बमोजिम गराईने, ५० मिटर भन्दा बढी लम्बाईका सडकको चौडाई कम्तिमा ६ मिटर, ५० मिटर भन्दा कम लम्वाईको हकमा कम्तीमा ४ मिटर कायम  गरिनेछ ।
- गाउँपालिका क्षेत्रको कुनै पनि भौतिक निर्माण तर्फ कार्य संचालन गर्नु पुर्व ५० लाख भन्दा माथिको ठुला योजनाहरुको हकमा पुर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य गरिनुको साथै विस्तृत परियोजना प्रतिवेदन(डिपिआर) तयारी पछि मात्र कार्यन्वयनमा लगिनेछ ।
- भौतिक निर्माण तर्फ वढि लागत सहभागीता जुट्ने योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

- १० लाख भन्दा माथिको कुनै पनि योजनाहरुको ठेक्का प्रणालीमा ई-विडिंग अनिवार्य गरिनेछ भने १० लाख भन्दा मुनिका योजनाहरुमा आवश्यकता अनुसार ई विडिंग ठेक्का प्रणाली अवलम्वन गरिनेछ ।
- मिक्लाजुङगाउँपालिकामा संचालन हुने विभिन्न योजनाहरु संचालन गर्दा अधिक भन्दा अधिक जन सहभागिता गर्नेलाई उच्च मूल्याकंन गरी आगामी बर्षहरुमा बजेटको थप व्यवस्था गरिनेछ ।
- मिक्लाजुङ गाउँपालिकामा सडकको विकासका लागि अन्य साझेदार निकायहरुबाट बजेट माग गर्ने कार्यका लागि मुख्य सडक तथा अन्य भौतिक पुर्वाधारहरुको डिपिआर कार्यलाई अगाडि बढाइनेछ ।
- आवश्यकता हेरी प्राथमिकताका आधारमा आवश्यक स्थानहरुमा झोलुङ्गे पुल र सडक पुलको निर्माण गर्न सम्बन्धित निकाय संग समन्वय गरिनेछ ।

## विद्युत

- विद्युत लाईन प्रसारण तथा वितरणमा प्रयोग भएका काठका पोलहरुलाई यसै आर्थिक बर्ष भित्र फलामे पोलहरुले विस्थापन गरिनेछ ।
- टुकी /कुपी मुक्त वडा घोषित प्रक्रिया अघि बढाइ आगामि १ वर्ष भित्रमा अध्यारो मुक्त गाउँपालिका घोषणा युक्त पालिका बनाउने ।
- प्रत्येक वडामा विद्युत विस्तार योजना सञ्चालन गर्ने साथै विद्युत नपुगेको वडा तथा टोलमा सोलार वितरण गरि व्यवस्तिथ बनाउदै लाने ।
- लघु विद्युत आयोजनाहरुलाई सहयोग तथा नियमन गर्ने ।

## *भवन तथा शहरी विकास तर्फ*

- गाउँपालिकाको भू-उपयोग नीति तयार गरिनेछ ।
- गाउँपालिकाको कुनै ठाउँलाई पहिचान गरी एउटै डिजाइनका घर र रंङको प्रयोग गरी सो को प्रतिक्रियाको आधारमा थप योजना तयार पारिनेछ ।
- घर निर्माण गर्दा नक्सा पासको ब्यवस्था अनिवार्य गरिनेछ ।
- एकीकृत वस्ति निर्माण योजना ल्याउन प्रदेश तथा संघमा पहल गर्ने ।

## घ वातावरण तथा विपद् व्यवस्थापनमा

*अ) वन तथा भूसंरक्षणतर्फ*

- मिक्लाजुङ गाउँपालिकामा रहेका सामुदायिक तथा कवुलियती वन, सरकारी वनहरुको संरक्षण र सम्वर्द्धनका लागि विभिन्न सक्रिय समिति गठन गरी समितिलाई प्रभावकारी बनाउने । पानीको मुहान सुकाउने रुखहरु पत्ता लगाई त्यस्ता रुखहरुको क्लष्टर छुट्याई अन्य प्रजातीका रुखरुको वृक्षारोपण गरी पानीका मुहान बढाउने कार्यक्रम संचालन गर्ने र अनावश्यक रुखहरुको विस्थापन र वृक्षारोपण कार्य संगसंगै अगाडी बढाइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र लाग्ने डढेलो लाई कम गर्नको लागि चेतनामूलक कार्यक्रममा बजेट विनियोजन गरिनेछ ।
- वृक्ष रोपण कार्यक्रमहरुको आयोजना गरि सहभागितात्मक उपस्थितिमा सञ्चार प्रवह गर्ने ।

## *फोहर मैला तथा ढल व्यवस्थापनतर्फ*

- फोहोरमैला व्यवस्थापनको गाउँपालिकाले उपयुक्त ल्याण्ड फिल्ड साइटको व्यस्थापनको लागि जग्गाको खोजी गरिनुका साथै अल्पकालिन फोहोर व्यवस्थापनको लागि जग्गा भाडामा लिने निति अवलम्वन गरिनेछ ।
- गाउँपालिका क्षेत्रको फोहोर मैला व्यवस्थापनको लागि नीजि क्षेत्रको साँझेदारीमा फोहोर व्यवस्थापन गर्ने उचित प्रबन्ध मिलाईनेछ ।
- ढल निकास सम्बन्धमा वडाबाट माग भई आएका योजनालाई सम्बन्धित क्षेत्रगत निकाय संग समन्वय गरी योजनाको निर्माण तथा मर्मत संभार गरिनेछ ।

## *विपद् व्यवस्थापन तर्फ*

- बाढी पहिरो जोखिम क्षेत्रहरुको पहिचान गरि विपद्को पूर्व सूचना दिने पूर्व सूचना प्रणाली राखिनेछ ।
- विपद पूर्वतायारी सामग्रीको व्यवस्था गरि प्रति कार्य जनशक्ति उत्पादनको लागी वजेट व्यवस्थ ागर्ने ।
- आवश्यकता अनुसारको विपदबाट बच्ने उपाय बारे तालिमको व्यवस्था गराउने ।
- टोल टोलमा उद्धार सामग्री अनुदान कार्यक्रम बनाउने ।
- विपद्का जोखिम न्यूनिकरणका लागि पूर्व तयारी अर्न्तगतका कार्यहरु गरीनेछ ।
- विपद्को समयमा सहयोग गर्नको लागि विपद् व्यवस्थापन कोष खडा गरिनेछ ।
- खोज, उद्दार तथा राहत सामाग्रीको व्यवस्था गरिनेछ ।

## ङ संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा

***सामान्य सेवा तथा सुरक्षा व्यवस्थापन तर्फ***

- प्राकृतिक श्रोत साधानमा गाँउ क्षेत्र भित्रका सवै वडावासीहरुको समान उपभोग गर्न पाउने व्यवस्थालाई सुनिश्चित गरिनेछ ।
- विभिन्न सडकहरु निर्माण तथा विस्तारको क्रममा सर्वसाधरण जनताको नीजि जग्गा सार्वनजिक निर्माणमा परेको तथा सार्वजनिक संरचनाहरु नीजि जग्गामा परी समस्या आएकोले सो को समाधानको लागि आवश्यक कार्य गरी समाधान गरिनेछ ।
- जिल्लास्तरीय तथा स्थानीय उद्योग वाणिज्य संघ र गाउँपालिकाको समन्वयमा गाउँपालिका क्षेत्रको विभिन्न स्थानहरुमा कर शिविर संचालन गर्ने
- गाँउकार्यपालिकाको कार्यालय र गाँउपालिका भित्रका सवै वडा कार्यालयहरुमा अनिवार्य रुपमा नागरिक बडापत्र राखिनेछ ।

### *स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन : तर्फ*

- मिक्लाजुङ गाउँपालिकामा समग्र राजश्व संभाव्यता अध्ययन गर्नको लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ र सोही अध्ययन प्रतिवेदनलाई समेत आधार मानी आगामी आ.व को कार्यक्रमहरु तय गरिनेछ ।
- यस गाउँपालिकाको पार्श्वचित्रको नियमितरुपमा अध्यावधिक गर्नको लागि आवस्यक व्यवस्था मिलाइने छ ।

## *सूचना प्रविधि तर्फ*

- ई-गर्भनेन्सको अवधारणलाई संस्थागत रुपमा अगाडी बढाउनको लागि हरेक सरकारी संस्थाहरुमा ईन्टरनेट सेवाको विस्तार गरिनेछ । सो को लागि लाग्ने लगानीमा सहयोग सहकार्य तथा व्यवस्थापनमा गाउँपालिकाले प्रत्यक्ष सहभागी हुनेछ ।
- गाँउपालिका भित्र रहेका सवै विद्यालय र अन्य कार्यालयहरुमा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।
- गाँउपालिका भित्रका मुख्य मुख्य वजार, सार्वजनिक स्थल र कार्यालयहरुमा सि.सि. क्यामेरा राखिनेछ ।
- गाँउपालिका भित्रका मुख्य मुख्य कार्यालयहरुमा विद्युतीय सुचना पाटी राख्ने व्यवस्था मिलाइनेछ ।

## *सुशासन प्रवर्द्धन तर्फ*

- आगामी आ. व को विकास बजेट बाडफाँड गर्दा आन्तरिक श्रोत आर्जन तथा खर्च गर्ने सामर्थ्यलाई आधार मानिनेछ ।
- यस मिक्लाजुङगाउँपालिकाको बजार क्षेत्रमा सुरक्षा व्यवस्था कायम गर्न र पर्यटकहरुको तथा व्यवसाय कर असुलीमा सहयोग पुऱ्याउन गाँउ प्रहरीको व्यवस्था गरिनेछ ।
- यस मिक्लाजुङगाउँपालिकाको विभिन्न क्षेत्रहरुमा रहेको खाली ऐलानी र पर्ती जग्गाको खोजी गरी गाउँपालिकाको मातहतमा राखिनेछ।

- मिक्लाजुङगाउँपालिकाअन्तर्गत संचालन हुने योजनाको उपभोक्ता समिति गठन गर्दा समितिमा संख्यात्मक भन्दा दक्ष र अनुभवी व्यक्तिहरु साथै समानुपातिक र समावेशीको सिद्धान्तका आधारमा चयन गर्ने व्यवस्था मिलाईनेछ । यद्दपी एकै व्यक्ती धेरै उपभोक्ता समिति नबस्ने वातावरण तयार गरिनेछ ।
- यस मिक्लाजुङगाउँपालिका तथा वडाहरुमा दैनिक प्रशासनिक सेवा सम्बन्धी कार्य बोझ अधिक बढ्दै गएको अवस्थामा कर्मचारीहरुको मनोवललाई उच्च राख्न अतिरिक्त समय कामको थप सेवा सुविधा उपलब्ध गराईनेछ र कर्मचारीको अभाव समेत भएकाले रिक्त दरबन्दी पूरा गरीनेछ ।
- यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको समयानुकुल क्षमता विकास विस्तार गर्न तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको कामलाई मर्यादित र व्यवस्थित बनाउन गाउँपालिका अन्तर्गतका कर्मचारीहरुको मनोवललाई उच्च राख्न स्थानीय स्रोत साधन तथा कर संकलनको अवस्थालाई दृष्टिगत गरि कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली,दण्ड पुरस्कारको व्यवस्था जस्ता पक्षहरुलाई आत्मसाथ गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका निर्माण मजदुरहरुलाई आवश्यक तालिमको व्यवस्था गर्ने र प्राप्त तालिमको परिचयपत्रको व्यवस्था गरिनेछ ।
- मिक्लाजुङ गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको विगतदेखि खाइपाइरहेको सेवा सुविधालाई यथावत राख्ने र सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा सुविधालाई समय सापेक्ष बनाइने छ ।
- मिक्लाजुङमा संचालित गैर सरकारी संस्थाहरुले अनिवार्य रुपमा गाँउपालिकामा सूचिकृत हुनुपर्नेछ । गाउँपालिकामा कार्यक्रम तथा बजेट पेश गरी चौमासिक खर्च सार्वजनिक गर्ने व्यवस्थाको सुरुवात गरिनेछ
- योजनाहरुको गुणस्तरको अनुगमन गर्न जन प्रतिनिधिहरुको अनुगमन समिति गठन गर्ने र योजनाहरुको अन्तिम निकासा जाँच पास फरफारक गर्दा अनुगमन समितिको सिफारिस अनिवार्य गरिनेछ ।
- जेष्ठ नागरिक सम्मान पूर्वक जीवनयापन गर्ने वातावरण निर्माण गर्नका लागि जेष्ठ नागरिक संरक्षण अभिमुखिकरण कार्यक्रम गरिनेछ ।
- सुरक्षा, सामाजिक न्याय, सद्भाव , संस्कृति र एकता जस्ता कृयाकलाप गरिने छ ।